फोन/फ्याक्स नं. : ४४६५३६२
इमेलः sahakaribivag@gmail.com

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँ बानेश्वर, काठमाडौं
(प्रशासन तथा सहकारी प्रवर्धन शाखा)

पत्र सख्या :- ०८०/८१
चलानी नं.:-

मिति २०८०/१०/२३

## सूचना सूचना सूचना

विभागबाट कार्यान्वयन भईरहेको सहकारी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) मा सहकारी संघसंस्थाको आवद्धता न्यून रहेको छ । विभिन्न निकायले सहकारी संघ/संस्थाहरुलाई कोपोमीस प्रणालीमा आवद्ध गराई अभिलेख प्रविष्टी गराउन सहकारी संघ/संस्थाका कर्मचारीहरुलाई कोपोमीस क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने गरेको देखिन्छ । सहकारीको नियामक निकाय, सहकारी संघ/बैंक/संस्थाले कोपोमीस सम्बन्धी तालिम संचालन गर्दा कितिपय संघ/संस्थाले Live System मा नै तालिम संचालन गर्ने गरेको सो विवरणका कारण केन्द्रिय तथ्याङ्कमा असर पर्ने भएकोले सो नगर्न/नगराउनको लागि अनुरोध छ ।तालिम संचालन गर्दा कोपोमिस प्रणाली सम्बन्धी प्रशिक्षक प्रशिक्षण तालिम (TOT) लिएको प्रशिक्षकबाट मात्र तालिम संचालन गर्नु/गराउनु हुन साथै तालिम संचालनको लागी Training Demo form भरी विभागबाट Demo User Name & Password लिई Training.copomis.gov.np लिङ्कमा गई मात्र तालिम संचालन गर्नुहुन अनुरोध छ । साथै कोपोमिसमा सहकारी संघ/संस्थाले विवरण प्रविष्टी गर्दा प्रमाणित विवरण मात्र प्रविष्टि गर्नुहुन अनुरोध छ । त्यस्तो नगरेको पाइएमा कानुन बमोजिम कारवाही हुने व्यहोरा सबै सरोकारवालाहरुलाई जानकारी गराइन्छ ।

०८०।१०।२३
..................
(टेक राज अर्याल)
उपरजिष्ट्रार